# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्याः-२०७९/०८०

## छात्राहरुलाई साइकल प्रदान गर्ने प्रयोजनार्थ आवेदन संकलन सम्बन्धी अत्यन्त जरुरी सूचना

*(सूचना प्रकाशित मितिः-२०८०/०१/१७)*

मरिण गाउँपालिकाको आ.व. २०७९/०८० को बार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित कक्षा ११ मा अध्ययनरत छात्राहरुलाई साइकल वितरण कार्यक्रम कार्यान्वयानार्थ मरिण गाउँपालिकाको सामुदायिक विद्यालयहरुबाट कक्षा १० उत्तीर्ण गरी शैक्षिक सत्र २०७९ मा यसै गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक माध्यमिक विद्यालयहरुमा कक्षा ११(एघार) मा अध्ययनरत छात्राहरुलाई जनही १(एक) थान साइकल हस्तान्तरण गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र "मरिण गाउँपालिकाको छात्राहरुलाई साइकल वितरण सम्बन्धी मापदण्ड, २०७९" को परिच्छेद २ को दफा ३ बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी यस कार्यालयमा आवेदन दिनहुन सम्बन्धित सरोकारवालाहरु सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

❖ **आवश्यक कागजातहरुः-**

- SEE उत्तीर्ण प्रमाण-पत्र,
- कक्षा ११ मा भर्ना भएको खुल्ने कागजातहरु एवं विद्यालयको सिफारिस पत्र,
- मरिण गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरिरहेको भन्ने वडाको सिफारिस।

२०८०/०१/१८

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**